# कहाँ छ त लिम्बूहरूको “मुन्धुम्” दस्तावेजहरू



**हर्कजङ कुरुम्बाङ (लिम्बू)**

यो लण्डनको Euston Road को किनारमा अबस्थित छ Train बाट Underground को Euston and King’s cross St Pancras Station को बीचमा पर्दछ । आफ्नो यात्राको दिशाअनुसार जुनै Station मा ओर्ले पनि हुन्छ । Euston Station बाट Euston Road पछ्याउँन उतर पूर्व तर्फ लाग्ने र पूर्व लाग्दा रोडको देब्रे पट्टि Ossulston St cross गर्ने बित्तिकै बाँया पट्टि रातो रङ्गको घर कालो हरियो छाना भएको छ । गेटको भित्तामा The British Library लेखेको बोर्डहरू पनि देख्न सकिन्छ । जो यहाँ तल देखाइएको छ ।





आफ्नो बाँया पट्टि हेर्दा देखिने





अगाडिबाट हेर्दा देखिने र



दाँया पट्टि देखिने

King’s cross Station बाट Euston Road south side Comden town hall St Pancreas Library direction मा निस्कि पश्चिम तर्फ लाग्ने र दाहिने पट्टि हेर्दै जाँदा रातो रङ्गको घर देखिन्छ । Midland Road cross गर्ने बित्तिकै दाहिने पट्टि पर्दछ । Postal address: The British Library, 96 Euston Road, London, NW1 2DB पहिलो पटक यहाँ जानेलाई King’s cross St Pancreas Station बाट सजिलो हुनेछ ।

जब यो क्षेत्र भित्र प्रबेश गरिन्छ खुल्ला ठाउँ डिलहरू बस्ने कुर्सी टेबलहरू र रेष्टुरेन्टको भुइँमा रातो सेतो कोठाहरू देख्न पाईन्छ । त्यस पछि अगाडि Main entrance त्यहाँ पस्तापस्तै आवश्यक Security चेक हुने छ । Security Guard Ex-Gurkhas पनि छन् । भित्र अगाडि Information

Desk देख्न सकिने छ । त्यो भन्दा दाँया अगाडि जाँदा डाउन स्लोप गए (LG) Lower ground or Cloak room पाउने छौं । तर, दाहिने हुँदै अगाडि बढे Up Stairs (UG) Upper ground floor पुगिनेछ । Upper ground floor को दाँया किनारमा Reader registration office अवस्थित छ । जुन सूचनाहरू दलिनतिर पनि देखिन्छ । Reader registration office छिर्ने ढोकाको दाहिने पट्टि एउटा कर्मचारी बसेको हुन्छ आवश्यक परे प्रश्नहरू सोध्न सक्छ ।

Member बन्नको लागि सर्बप्रथम यहाँ जानु आवश्यक पर्छ । सदस्य नभई अध्ययन कोठाहरूमा प्रवेश मनाही गरिएको छ । Reader registration room मा पस्नसाथ बाँया पट्टि लहरै Computers राखेको हुन्छ । त्यहाँ Queue गरेर हामीले Computer मै Form मा प्रश्नहरूको उत्तर दिनु वा भर्नु पर्दछ । Subject मा Asian studies or Indian office records or Manuscripts-oriental languages कुनै एउटा भरे हुन्छ । Reading room मा Asian & African studies, र नयाँ होकी पुरानो भनेर सोधेको हुन्छ । त्यही अनुसार भर्ने भरी सक्केपछि अन्त्यमा Finish, OK click गर्ने । त्यस पछि Computer मै आफ्नो Queue नम्बर आउँनेछ । त्यो Queue नम्बर अनुसार Waiting seat मा गएर बस्ने । पालो आए पछि त्यहाँको कर्मचारीले बोलाउँने छ । समय अवधि आफ्नो Form मा भरे अनुसारको एक महिना देखि पाँच वर्ष सम्मको सदस्य नम्बर सहित फोटो कार्ड बनाई दिने छ । त्यहाँको नियम पालना गर्नु पर्ने नियमहरू पनि बताउनेछ । Reader registration गर्दा अथवा Membership हुँदा चाहिने आवश्यक Documents हरू यस प्रकार छन । Proof of ID, Proof of address and Proof of signature हुनु पर्छ । Proof of ID मा Passport and Driving Licence एउटा भए काम हुन्छ । Driving Licence ले तीन वटा Proof of ID, Proof of address and Proof of signature को काम गर्नेछ । अर्को Proof of signature मा Bank card को Signature को काम गर्ने छ । यी Documents बिना सदस्यत्ता पाइन्दैन । जानु भन्दा अगाडि एकपटक website www.bl.uk हेरेर गए राम्रो हुनेछ ।

Reading room मा जाँदा लानु सकिने र नसकिने कुराहरू: Membership Card, Pencil, हात सफा र सुक्खा हुनु पर्छ । Laptop and Mobile sound off गरेर लान सकिने छ । कैंची, पेपर कटर, खाने पिउने, मिठाई, च्यूगम र मार्क गर्ने कलमहरू लान पाइन्दनै । कोट, छाता, व्याग र ज्याकेटहरू Cloak room मा राखि छोड्नु पर्छ । क्यामेरा त्यस्तै दामी समानहरू छ भने Locker Room मा बन्द गरेर छोड्नु पर्छ । बन्दको लागि एक पाउण्ड सिक्का चाहिने छ । तपाईको सबै समान एकै ठाउँमा बन्द गरेर राखे पनि हुन्छ ।

Asian & African studies room तेस्रो तलामा पर्दछ । तेस्रो तलामा पुगे पछि Asian & African studies सूचना ढोका माथि लेखेको छ । यो Library पहिले बेग्लै Indian office Library, Ludgate Hill भन्ने ठाउँ लण्डनमा थियो । पछि सन् 1982 तिर The British Library संग जोडिन पुगेको हो । ढोकाबाट छिर्दा पास चेक हुन्छ । भित्र पसे पछि सिट छान्ने र सबै किताबहरू कम्प्यूटर द्वारा माग्नु पदर्छ । समस्या भएमा हेल्पिङ्ग डेस्कमा गएर सोधे सबै बताई दिने छ । माँग गर्दा जस्तैः सुरुमा Dialogue box मा नियमहरू दिएको हुन्छ, पुच्छरमा सानो बक्स भित्र Decline and Accept भन्ने हुन्छ ।

Accept मा Click, Integrated catalogue, Log in as reader holder, type reader number and password, log in, request list, select Asian pacific & African collection, select private papers, type shelf mark, Author, Item discrption, go and request. यति गरे पछि तपाईको किताब यति समयमा आउँछ भनेर स्क्रीनमा देखाउँने छ । तपाई सिट नम्बर मा गएर बस्तै गर्ने, किताब आए पछि तपाईको सिट नम्बर मा बत्ती बल्नेछ अनि कलेक्सन डेस्कमा गएर कलेक्सन गर्नु पर्दछ । आइपुगेको छ छैन सोधे हुन्छ ।

यहाँ भएका धेरै दस्तावेजहरू धेरै विद्धानहरूले अध्यन, अनुसंन्धान र प्रचार प्रसारको लागि कपी गरेर अध्यन गरिसकेका छन् । जस्तैः-सन् १९४२ सालतिर प्रोफेसर आर के स्प्रिगले कपि गरेर नेपाल पुऱ्याई सक्नु भएको छ । त्यो फोटो कपिहरू डा. सुभद्रा सुब्बालाई पनि दिनु भएको छ भन्ने जानकारीमा आएको छ । आरके स्प्रिकसंग लण्डन आई इमानसिं चेम्जोङ्ले यहाँका दस्तावेजहरू कपी गरी लानु भएको थियो भन्ने धेरैको विश्वास छ । डा. चैत्यन्य सुब्बा र प्राज्ञ बैरागी काइलाले पनि धेरै कितावहरू यस विषयमा लेखि सक्नु भएको धेरैलाई सर्वविदितै छ । डा. रमेशनाथ ढुङ्गेलले यहाँका धेरै ऐतिहासिक बुदाँहरूमा कलम चलाई सक्नु भएको छ । गम्भिरध्वोज तुम्बाहाङ्फे, स्व.कैलासमान बखिम र पक्तिकारले यहाँ भएका प्रायः सबै दस्तावेजहरूको फोटो कपि गरी किरात याक्थुङ् चुम्लुङ् केन्द्रीय कार्यलय काठमाण्डौलाई बुझाएका छौं ।

एक पटकमा एउटा किताबको दश प्रसित मात्र फोटो कपि गर्न पाइन्छ । यी दस्तावेजहरू कपिको लागि Special facsimile and photographically copy को व्यवस्था गरिएको छ । यहाँ भएका केही दस्तावेजहरू जस्तैः शिर्षक Limbu writing etc- book Vol. 84 page 1-22 मा वाह्र मात्राहरू छन् । शिर्षक Limbu ko upadesa ( Limbu writing) – book Vol. 85 page 67-94 मा लिम्बू कुराहरू लेखुङ् है भन्ने उपदेशहरू छन् । शिर्षक Limbu writing Vol. 74 page 4-7 मा छथरे शब्दकोष छथरको चार किल्ला साथै खजुम र खेवाहरूको विस्तृत ब्याख्या गरेको छ ।

शिर्षक Limbu 3 large Vol. 74 page 8-22 मा छोरी चेलीहरूको रीत लिने नलिनेको बिषयमा चारखोल थुम (इलाम जिल्ला)कोले सँगुर खाने र फेदाप् थुम (तेह्रथुम जिल्ला)कोले फल फुल रोपि खानु पर्छ भन्ने छ। शिर्षक Limbu ko laksi-samvad-book, Vol. 85 page 109-128 मा धर्म मान्नु र बुद्धि मानी हुनु भन्ने छ। शिर्षक Limbu ko paidaya- book Vol. 84 page 212-251 मा आफै सिर्जना भएको महिङ् पोहिङ् यतिमाले जन्माएको भन्ने छ।

यस्ता धेरै लेखहरू छन् यी सबै लेखहरू सन् १८४६ तिर ब्रिटिस नागरिक Brian Hodgson ले १४ वटा लिम्बूका पुस्तकहरू संकलन गरी The British Library मा बुझाएका हुन्। यस्ता केही लेखहरू आफै पनि लेखि बुझाउँनु भएको थियो। यो जानकारीहरूबाट लिम्बू जातिलाई मात्र नभएर सिङ्गो नेपालकै जातजातीहरूलाई सहयोग पुगेको छ। जो इतिहास खोज्नु हुन्छ उहाँहरू एक पटक यहाँ पुग्नु भयो भने लुकेका इतिहासहरूसंग लुकामारी खेल्नु हुनेछ।

स्रोतः

The British Library, 96 Euston Road, London, NW1 2DB

मिक्फुला लाजे इङ्हङ २००७